# संविधानसभाको चुनाव र संविधान संशोधनको प्रसङ्ग

-अधिवक्ता भूपेन्द्र खनाल

दश वर्षे हिंसात्मक द्वन्द्ध समाधान तर्फ उन्मुख भएको करिब १० महिना हुन लागेको छ। यसै विचमा नेपाल सरकार एवं सशस्त्र आन्दोलन गर्ने नेकपा माओवादी बिच शान्ति सम्झौता भई अन्तरिम संविधान निर्माण गरी आगामी २०६३ साल जेष्ठ महिना भित्रै संविधान सभाको चुनाव गर्ने सहमती भएको छ। त्यसरी भएको राजनीतिक सहमतिका आधारमा पटक-पटकको बैठक पछि २०६३ माग १ गते देखि नेपालको अन्तरिम संविधान, २०६३ जारी भई लागु समेत भएको छ । जनचाहनाको संविधान निर्माण नभएको र संविधानसभाको चुनाव सम्मका लागिमात्र संविधान निर्माण गरि राज्य सञ्चालन भएको हुँदा हाम्रो देश सङक्रमणकालीन अवस्थामा गुज्रिरहेको छ।

संविधान के हो भन्ने बारेमा कति नेपाली सचेत छन् भनी अनुसन्धान गर्ने हो भने तीस प्रतिशतले मात्र सही उत्तर दिएमा अन्यथा मान्नु पर्दैन । नेपालको अन्तरिम संविधान जारी भएपछि एक पत्रिकाले गरेको सर्वेक्षणलाई हेर्ने हो भने जम्मा १५ प्रतिशतले मात्र अन्तरिम संविधान जारी भएको थाहा पाएको परिणाम निकालेको थियो । राज्यमा भएको आन्दोलन, मानवअधिकारको उल्लङघन र यातनाका घटनाहरु सर्वसाधारणको जानकारीको विषय बनेका हुन्छन् तर आफ्ना अधिकारहरुको सुनिश्चित गर्ने दस्ताबेजका बारेमा नेपाली जनताले जानकारी सम्म पनि पाउन सकेका छैनन्। यस्तो अवस्थाको निर्माण हुनुमा राज्यको शिक्षा नीति एवं सञ्चार क्षेत्रबाट प्रदान गरिने जानकारी समेतको अभाव रहेको प्रष्ट हुन्छ।

संविधान कुनै पनि देशको मूल कानून हो। जस्ले नागरिकको हक अधिकारको सुनिश्चितता गर्दछ। यस्तो दस्तावेजको निर्माणको प्रक्रियाका सम्बन्धमा प्रत्येक नागरिक सचेत भई लाग्नु पर्ने हुन्छ। संविधान निर्माण गर्ने प्रक्रियाका सन्दर्भमा विश्वमा दुई तरिका अपनाइएको पाइन्छ । पहिलो, संविधान सम्बन्धि विशेषज्ञहरुको माध्यामबाट र दोश्रो जनताको प्रत्यक्ष सहभागीता रहने संविधानसभाको माध्यामबाट।

नेपालमा नयाँ संविधान निर्माणका लागि राज्य सञ्चालन गर्न नेपालको अन्तरिम संविधान २०६३ माघ १ गते जारी भएको छ। यसमा सम्पूर्ण राजनीतिक दल तथा नेकपा माओवादीको समेत पूर्ण समर्थन रहेको छ। तथापि संविधान जारी भएको एक महिना पनि नबित्दै संशोधनका लागि पहल शुरु भई सकेको छ। हुनत, विश्व परिवेशमा द्वन्द्वबाट शान्ति प्रक्रियामा रुपान्तरण हुन लागेको अवस्थाका देशहरुको इतिहास अध्ययन गर्दा यस्तो सङक्रमणकालमा थुप्रै व्यवधानहरु भएका पाईन्छन् । कानुन विना राज्य सञ्चालन हुन सक्तैन्। तसर्थ, सङक्रमणकालीन अवस्थामा राज्यका जिम्मेवार राजनीतिक दलहरुले प्रत्येक समुदायको हक अधिकारको सुनिश्चितता गर्न नसक्दा अहिलेको मधेशी समुदायले उठाएका जस्ता जायज मागहरु अन्य समुदायले पनि नउठाउलान् भन्न सकिदैंन र त्यसरी नै हिंसात्मक नहोला पनि भन्न सकिन्न।

वर्तमान संविधान अध्ययन गर्ने हो भने थुप्रै ठाउँमा **राजनीतिक सहमतीका** आधारमा गरिने भनी सरकारमा संलग्न सात राजनीतिक दल र नेकपा माओवादीका विच भएको शान्ति सम्झौतालाई आधार मानी समस्याहरु समाधान गरिने प्रावधान राखिएको छ । यस्तो अवस्थामा राजनीतिक सहमती कायम गर्ने दलहरुले अन्तरिम संविधान लेखनका बेलामा नै जनआन्दोलनको भावना अनुसार समुदायगत हक अधिकार, संघीय शासन व्यवस्था र समानुपातीक प्रतिनिधित्वका कुराहरु समावेश गरिनु पर्दथ्यो । हाल संविधान संशोधनका लागि कुरा उठ्नु भनेको सात दल र नेकपा माओवादीको अहङ्कारका कारण भएको कमजोरी भन्न अन्यथा मान्नु पर्दैन । नेकपा एमालेले मात्र समानुपातीक प्रतिनिधित्वको प्रणालीलाई जोड दिएको पाईएको थियो । सबै वर्ग र समुदायको समावेशी सिद्धान्त अनुसार समानुपातीक प्रतिनिधित्वको प्रणाली संविधान सभाको प्रयोजनका लागि विश्वमा नै बैज्ञानिक प्रणालीको रुपमा मानिएको पनि पाईन्छ।

संविधान सभाको गठनका सम्बन्धमा नेपालको अन्तरिम संविधानको धारा ६३ मा व्यवस्था गरिएको छ। सो धारामा गरिएको व्यवस्थाले समावेशी सिद्धान्त र समानुपातीक सहभागीतालाई पूर्णता दिन नसकेको कारण विभिन्न समुदायबाट आन्दोलन सहित संशोधनको आवाज उठेको थियो । हाम्रो देशको सन्दर्भमा संविधान सभाको कुरा गर्दा विगतदेखि भईरहेको राज्य संरचना वा सरकार सञ्चालनको प्रणालीलाई पुनःपरिभाषित गर्दै राज्यको श्रोत र साधन माथि सिमान्तकृत वर्गको पहुँच पुऱ्याउनु पर्ने निष्कर्ष जनआन्दोलन-२ मा मुखारित भएको हो। यो कार्य संविधानसभा मार्फत सम्भव हुन सक्छ भन्ने

पनि जनताको आवाज हो । हुनत संविधान सभा आफैमा संविधान निर्माणको प्रक्रिया हो । संविधान सभा कसरी गठन गर्ने भन्ने सम्बन्धमा विश्व अनुभवमा एक रुपता पाईदैन् । तथापि आफ्नो देशको परिवेश सुहाउँदो तरिकाबाट गर्न सकिनेमा भने विवाद छैन् । नेपालको सन्दर्भमा शुरु देखि संविधान सभाको मुद्दा उठाएको माओवादीले पनि ठोस खाका प्रस्तुत गर्न सकेको छैन् भने अन्य राजनीतिक दलले पनि प्रस्तुत गर्न नसकेका कारण नै संविधान सभाको चुनाव हुनु अगाडि नै अन्तरिम संविधान संशोधन गर्नु परेको छ । संविधान सभाको समयावधिलाई हेर्दा विभिन्न देशको अनुभवमा ३-७ बर्ष सम्म लागेको पाईन्छ । नेपालको सन्दर्भमा यस्तै अवस्था रहने हो भने संविधानसभाको गठन पूर्वको अवधि नै ३ बर्ष लाग्ने देखिएको छ ।

नेपालमा संविधानसभाको चुनावका लागि निर्वाचन आयोगले मतदाता नामावलीको सङ्कलनको कार्य तीब्र गतिमा अगाडि बढाएको पाईन्छ । यद्यपी संविधानसभाको चुनाव छिट्टै गर्नु पर्ने अडान राखिरहेको माओवादीले हतियार सहित आई मतदाता नामावली सङ्कलन गरेका कागजातहरु धम्किका भरमा कब्जामा लिई काममा अवरोध गरिरहेका छन् । आफ्ना कार्यकर्ताले गरेको शान्ति सम्झौता र संविधान समेतको विपरितको कार्यलाई जायज भनी केन्द्रीय नेता दिनानाथ शर्माले सञ्चार माध्यामलाई प्रतिक्रिया दिएका छन् । अन्तरिम व्यवस्थापिकाका सदस्यले त्यस्तो गैरकानुनी कार्यलाई जायज नभनी हतियार सहीत वा अवरोध पुऱ्याउनेलाई कार्वाहीका लागि तत्काल प्रहरीको जिम्मा लगाउनु पर्दथ्यो । यसले गर्दा अझै पनि माओवादीको कथित जनसत्ता कायमै रहेको आभाष हुन्छ । यस्तै अवस्था रही समयमा संविधानसभाको चुनाव नभएमा नेकपा माओवादी नै प्रमुख दोषी जनताको नजरमा ठहरिनेमा विवाद छैन् ।

मधेशी आन्दोलनका कारण होस खुलेएका आठदलहरु आज संविधान संशोधन प्रक्रियामा अगाडि बढेका छन् । प्रधानमन्त्रीको घोषणालाई हेर्ने हो भने तराईमा ४९ प्रतिशत सीट बढाउने र पहाडमा भएको सीट संख्यामा कमी गर्ने कुराले पुनः भौगोलिक आधारमा भेदभाव गरेकोले वास्तविक न्याय नभएको प्रष्ट छ । आन्दोलन गरेपछि माग पुरा गर्ने वर्तमान सरकाको नियती पुनः छर्लङ्गिएको छ । अव ५१ प्रतिशत जनसंख्या रहेका महिलाहरुले पनि राजनीतिक दल भन्दा माथि उठेर जनसंख्याको आधारमा समानुपातीक सहभागीताको विषयलाई लिएर संविधान संशोधनका वेला आवाज बुलन्द पार्दै आन्दोलनमा उठ्नु पर्ने अनिवार्य भएको छ र यो आम महिलाहरुका लागि अवसर पनि हो ।

संविधान संशोधनको कुरा गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को भाग ७ को धारा ६३ मा भएको संविधानसभाको गठन सम्बन्धि धारामा भएको व्यवस्थाहरुमा संशोधन गरिनु पर्ने हुन्छ । मधेशी आन्दोलनले उठाएका संघीय शासन प्रणाली र समानुपाती प्रतिनिधित्वको सवाललाई पनि सोही धारामा नै सम्वोधन गरिनु पर्दछ । यसै परिप्रेक्ष्यमा आधा जनसंख्या ओगटेका महिलाहरुलाई विकासको प्रक्रियमा समानुपातीक सहभागीताका गराई निर्णायक तहमा पुऱ्याउनका लागि पनि प्रतिनिधित्वका सन्दर्भमा संशोधन गरिनु पर्ने हुन्छ । वर्तमान संविधानले महिलाको उम्मेदवारीलाई सम्बोधन गरेपनि मौलिक हकमा गरिएको व्यवस्था अनुसारको परिणाममा समानता ल्याउने तर्फ समानुपातीक सहभागीताको सुनिश्चितता गर्न पनि संशोधनको आवश्यकता रहेको छ । यसरी संशोधन गरिँदा समुदायगत रुपमा समानुपातीक सहभागीता गरिनु पर्ने कुरालाई समाविष्ट गरिनु पर्दछ । भौगोलिक आधारमा छुट्टचाईने निर्वाचन क्षेत्रमा महिलाका लागि ५० प्रतिशत सीट सुनिश्चित गरिनु पर्ने र समानुपातीक प्रतिनिधित्वका आाधरमा राजनीतिक दलहरुले उम्मेदवारको नाम सुचिकृत गर्दा पहिलो नम्बरमा महिलाको नाम अनिवार्य राखिनु पर्ने र त्यस पछिको हरेक दोश्रो नम्बरमा महिलाको नाम अनिवार्य समावेश गरिनु पर्ने प्रावधान संविधानमा नै समावेश गरिनु पर्दछ । समावेशी सिद्धान्त अनुसार उम्मेदवारी नदिने राजनीतिक दलको सम्पूर्ण उम्मेदवारको दर्ता नै खारेज गरिनु पर्ने प्रावधान निर्वाचन ऐनमा राखिनु पर्दछ ।

तसर्थ, अब गरिने संशोधनमा सवै तर्फको आवाज सुनी सरकार तथा आठ दलले समयमा नै गम्भीर भई पटक-पटक संविधान संशोधन गर्नु पर्ने अवस्थाबाट उन्मुक्ति लिन पाउने अवसर आएको छ । अव पनि समुदायगत सहभागीताको अधिकारलाई प्रतिविम्बित गर्न नसकेमा पुनः आन्दोलन गर्नु पर्ने अवस्थाको श्रृजना नहुने तर्फ पनि समयमा नै ध्यान पुऱ्याउनु पर्दछ । सबै विषयलाई सम्बोधन गरेमा तोकिएको समयमा संविधानसभाको चुनाव गर्नका लागि समय लगाउन सकिनेमा विवाद नहोला ।

(लेखक महिला, कानुन र विकास मञ्चमा कार्यरत हुनुहुन्छ )